नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

माघ/फागुन २०७४ (February 2018) वर्ष २२/अङ्क २५१

## हाम्रा बालबालिकाहरूको वरिपरि

- श्री भुवन देवकोटा

वर्तमान समय विज्ञान र प्रविधिको प्रशस्तै विकास भएको र सञ्चारले सारा विश्वलाई नै साँघुरो बनाइदिएको कारण भौतिक रूपमा उन्नतिशिल समय हो । हाम्रा बालबालिकाहरू हाम्रा हातमा गिलो माटोजस्तै हुन् । उनीहरूलाई हामीले सानैमा चाहेको आकार दिन सक्छौं । अभिभावकहरूले सानै उमेरदेखि नै परमेश्वरको वचन खान र त्यसलाई पालन गर्न सिकाए भने बालमस्तिष्कमा सत्यताले डेरा जमाउँछ र हाम्रा बालबालिकाहरू मण्डलीको असल भविष्य मात्रै होइन, देशको असल नागरिक बनेर नून र ज्योतिको रूपमा यस देशलाई सेवा दिनेछन् ।

हाम्रा छोराछोरीहरूलाई उनीहरूको सन्दर्भलाई बुझेर हामीले त्यसअनुसार प्रार्थना र वचनमा अगुवाइ गर्न सक्यौं भने येशूको स्वरूप उनीहरूमा बन्न अझ सजिलो हुनेछ । यो लेखमा हामी हाम्रा बालबालिकाहरूको अगाडि संसार, शरीर र शैतानले कसरी उसको सल्लाह (भजनसंग्रह १:१) ल्याएको छ भनेर चर्चा गर्नेछौं । तलका विषयहरूमा सकेसम्म ठीक जानकारी पाएर मण्डली र अभिभावकहरूले सिकाउन सक्यौं भने हाम्रो मण्डली संख्या र आत्मिक गुणस्तर दुवैमा बढ्दै जानेछ ।

मण्डली र समाजमा रहेका हाम्रा बालबालिकाहरूको वरिपरि यस्ता अनि अन्य धेरै समस्या र चुनौतीहरू छन्:

- **उत्तरआधुनिकवाद:** वर्तमान युगलाई धेरै मानिसहरूले उत्तरआधुनिक युगको समय भन्दछन् । यसअनुसार कुनै एउटै कुरा मात्रै शास्वत सत्य हुन सक्दैन । त्यसैगरी मानिसले कुनै पनि कुरालाई ईश्वर मान्न सक्छ, प्रत्येक व्यक्ति आफ्नो चाहनाअनुसार जिउन स्वतन्त्र छ । संसारमा व्याप्त यही कुराहरूकै आधारमा अहिलेका विभिन्न सञ्चार माध्यममा आउने मनोरञ्जन उद्योगले हाम्रा बालबालिकाहरूलाई उनीहरूको खराब कुरा प्रस्तुत गरिरहेका हुन्छन् । समलिंगी सम्बन्ध व्यक्तिको अधिकारको कुरा हो भनेर परमेश्वको वचनको गिल्ला गरिरहेका छन् । बालबालिकाहरू स्वतन्त्र छन् र अभिभावकहरूले अनुशासन गर्नु पनि बालअधिकार हनन् हो भन्ने कुरा बढिरहेको छ । बालबालिकाहरू वा किशोरीहरूको प्रतिभाको विकासको नाममा उनीहरू यौनिक प्राणी मात्रै हुन् भन्ने गलत धारणा बालबालिकाहरूलाई दिइँदै छ । यस्ता कुराबाट जोगाउने काम वचनको अध्ययन र पवित्र आत्माको शक्तिले मात्रै सम्भव छ । बाइबलले बुवाहरूलाई छोराछोरीलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काउने जिम्मेवारी दिएको छ ।

- **उपभोक्तावाद:** आफ्नो फाइदाको लागि मात्रै विचार गर्ने र त्यसैअनुसार काम गर्ने कुरा अहिले व्याप्त छ । टि.भी. वा पत्रिकामा दिइने विज्ञापनमा झुक्याएर बालमनोविज्ञानमा गलत कुरा हालिदिनु यसको एउटा विशेषता हो । येशूले अन्त्यको दिनको बारेमा सिकाउँदा धेरैको प्रेम सेलाएर जानेछ भन्नुभयो (मत्ती २४:१२) । बालबालिकाहरू वा किशोरकिशोरीहरूको लागि बनाइने टेलिभिजन कार्यक्रम वा अन्य श्रव्यदृष्य सामग्रीहरू उनीहरूको नैतिक वा मानसिक विकासभन्दा पनि उत्पादकको फाइदाको लागि बनाइन्छ । धेरै पटक परमेश्वरको स्वरूपमा बनिएको मानिसलाई उपभोग्य वस्तुको रूपमा प्रस्तुत र प्रयोग गरिन्छ । मोडलिङ पेशामा हुने काम यही नै हो । परमेश्वरको प्रतिरूपमा बनिएका सुन्दर नारीहरूलाई मदिराको विज्ञापनमा उपभोग गरिने वस्तुसरह देखाउनु यसको एउटा उदाहरण हो । संसारका सबै मानिस जुनसुकै पृष्ठभूमिको भए पनि परमेश्वरको स्वरूपमा बनिएको कारण हामीले त्यही आदरमा प्रेम र सम्मान गर्नुपर्छ भनेर हाम्रो मण्डली र परिवारमा सिकाउनुपर्छ । खीष्टको प्रेम पवित्र आत्माले हामीमा भर्नुहुन्छ र त्यसलाई कसरी जीवनमा प्रयोग गर्ने भनेर मण्डली र अभिभावकहरूले सिकाउनुपर्छ ।

- **भड्किलो संगीत तथा भिडियो:** आफूले जे ठीक ठान्यो, त्यही नै सत्य हो भन्ने उत्तरआधुनिक धारणा व्याप्त रहेको कारण मानिसहरूले आफ्नै मोजमज्जाको लागि र परमेश्वरलाई मान्यता नदिएको कारण छाडा कुराहरू संगीत र म्युजिक भिडियोको माध्यमबाट साना बालबालिकाहरूलाई पनि दिइरहेका छन् । साना बाल बालिकाहरूको कमलो मनमा ती खराब कुराले बास गरेमा उनीहरूले परमेश्वरको वचनभन्दा अर्कै रमाइलोलाई प्राथमिकता दिनेछन् । पापसित खेल्नेलाई पापले दास बनाउँछ किनकि पाप त ढोकैमा ढुकिबस्छ । त्यसलाई हामीले आत्माको शक्तिमा अधीन गर्नैपर्छ (उत्पत्ति ४:७) । हाम्रा छोराछोरीहरूको विचारमा दुई आँखा र दुई कानबाट के कुरा पस्न दिनु असल हो भनेर परमेश्वरको सत्यता अनुसार सिकाउनुपर्छ ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| माघ २७ February 10 | पाष्टर रोबर्ट कार्थक पाष्टर सामुएल कार्थक | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर रूबेन श्रेष्ठ | डीकन बाबु राम के.सी. | श्री पुरुषोत्तम न्यौपाने |
| फागुन ०५ February 17 | एल्डर सिमोन पाठक | श्री सरुष मान तामाङ्ग | डीकन सिद्धि खालिङ | एल्डर घन श्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन रूद्र राई | एल्डर सिमोन खालिङ |
| फागुन १२ February 24 | श्री लेखनाथ पौडेल | श्री रमेश लामा | एल्डर अर्जुन ढकाल | पाष्टर रोबर्ट कार्थक | श्री सुक राम तामाङ्ग | एल्डर सिमोन पाठक | संयुक्त सेवा ललितपुर चर्च |
| फागुन १९ March 3 | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग | डीकन सिमोन भण्डारी | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

- **सामाजिक सञ्जाल, इन्टरनेट:** विज्ञानको वरदान इन्टरनेटबाट हाम्रा बालबालिकाहरूले असल कुरा मात्रै लिइरहेका छैनन् । हामी अभिभावक चौबीसै घण्टा उनीहरूको पछिपछि लाग्न पनि सक्दैनौं तर हामीले उनीहरूलाई परमेश्वरलाई मन पर्ने कुरा के हो भनेर सिकाउन सक्यौं भने उनीहरूलाई पवित्र आत्माले चाहिएको बेला येशूको वचन याद गराउनुहुनेछ (यूहन्ना १४:२६) र उनीहरूले आफ्नो आँखा र कानबाट परमेश्वरलाई मन नपर्ने कुरा हृदयभित्र पठाउने छैनन् ।

- **भिडियो गेम:** हाम्रा साना नानीहरूले खेल्ने भिडियो गेमहरू सबै गलत छैनन् । धेरै भिडियो गेमहरूले मानसिक र शैक्षिक विकास गर्दछन् । तर केही गलत गेमहरू पनि आएका छन् । आत्महत्या गर्न उक्साउने वा व्यभिचारजन्य क्रियाकलाप भिडियो गेममै गर्न मिल्ने भिडियो गेमहरू पनि फोन वा ट्याब्लेटमा हाल्न मिल्छ । हाम्रा छोराछोरीहरूले के कुरा गर्दैछन् भनेर हामी होसियार हुनुपर्छ । हामी अभिभावकले नै हाम्रा बालबालिकाहरूलाई प्रार्थना र वचनद्वारा जोगाउन सक्छौं । बुवाआमाले फोन वा ट्याब्लेट बच्चालाई चलाउन दिंदा के कुरा हेर्ने भनेर सिकाउनुपर्छ । कति पटक त मण्डली सेवामै पनि बालबालिकाहरूले आमा बुवाको स्मार्ट फोन वा ट्याब्लेट चलाइरहेका हुन्छन्, त्यो गलत हो । परमेश्वरलाई दिनुपर्ने समय परमेश्वरको हो ।

- **शैक्षिक प्रणाली:** अहिलेको शैक्षिक प्रणालीका कतिपय कुरा परमेश्वरको वचनसँग नमिल्ने खालका छन् । नेपालको शैक्षिक प्रणालीमा मूर्तिपूजा गर्न लगाउने कुरादेखि समलिंगी सम्बन्ध ठीकै हो भन्ने कुरा पनि आएको छ । त्यसैगरी आमाले चाहेमा गर्भपतन गर्नु पनि कानुनसंगत हो भनेर सिकाउन थालिएको छ । यस्ता पापबाट जोगाउने परमेश्वरको वचन हृदयमा राख्न सिकाउने काम मण्डली र अभिभावक दुवैको हो (भजनसंग्रह ११९:११) ।

- **लिभिङ्ग टुगेदर:** अन्त्यको समयमा मानिसहरू आफैंलाई मात्रै प्रेम गर्ने र छाडा हुनेछन् भनेर बाइबलले चेतावनी दिएको छ । अहिले केटा र केटी निश्चित समयसम्म सँगै बस्ने र पछि मन परे बिहे गर्ने, नपरे अलग हुने प्रचलन सामान्य जस्तै भइसक्यो । यो परमेश्वरलाई मन नपर्ने अर्को ठूलो अपराध हो । बाइबलले विवाहलाई ठूलो सम्मान दिएको छ । एउटा पुरुषको लागि जीवनभरि एउटै पत्नी हुनुपर्छ र स्त्रीको पनि त्यही नै हो भन्ने बाइबलको मूल शिक्षा हो । यो कुरा बुवाआमाको जीवनबाट बालबालिकाहरूले सिक्नुपर्छ ।

- **सम्बन्धविच्छेद भएका परिवार, एक्ला अभिभावक:** हाम्रो मण्डलीमा सम्बन्धविच्छेद भएका परिवार र एक्ला अभिभावकहरूले पनि बालबालिकाहरूलाई हुर्काइरहेका छन् । परमेश्वरको योजना आमा र बुवा दुवैले नै बाल बालिकाहरूलाई हुर्काउने हो तर शैतानले परमेश्वरको क्रमलाई बिगार्छ । मण्डलीले यो परिवेशलाई पनि बुझेर बालबालिकाहरूलाई सेवकाइ गर्नुपर्छ ।

यी सबै परिस्थितिहरूमा मण्डली तथा अभिभावकहरूले बालबालिकाहरूको पृष्ठभूमि वा सन्दर्भ पहिचान गर्ने, त्यस्तो परिस्थितिमा सेवा गर्न तयारी हुने काम गर्नुपर्दछ । येशूले निकोदेमसलाई यूहन्ना ३ अध्यायमा सिकाउनुभएको नयाँजन्मको बारेमा ठीक शिक्षा दिने काम अब गर्नुपर्छ र येशूको पछि लाग्न क्रूस बोक्नुपर्छ भनेर पनि सिकाउनुपर्छ । शैतानले प्राणभित्र रहेका भावना र विचारमा आक्रमण गर्ने भएको कारण हामीले त्यसैअनुसार परमेश्वरको वचनबाट शिक्षा दिनुपर्छ । हाम्रा बालबालिका र किशोरकिशोरीहरूले सबै कुरालाई किन भनेर प्रश्न गर्ने भएको कारण किन येशू, किन बाइबल, किन चर्च भनेर बुझाउने काम गर्नुपर्छ । हाम्रा छोराछोरीहरूलाई सानैदेखि व्यक्तिगत रूपमा हरेक दिन बाइबल पढ्न र प्रार्थनामा समय बिताउन सिकाउनुपर्छ ।

हितोपदेश २२:६, **"बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालिम देऊ र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।"**

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|
| **माघ २७** February 10 | एल्डर सागर थापा | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानियल सापकोटा | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री कुमार राई |
| **फागुन ०५** February 17 | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | एल्डर पिटर लिम्बू | डीकनेस् बिनीता राई | डीकनेस् नविना लिम्बू |
| **फागुन १२** February 24 | डीकन राज गुरूङ्ग | एल्डर दानियल सापकोटा | एल्डर सागर थापा | पाष्टर प्रेम श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | डीकनेस् फिविना राई |
| **फागुन १९** March 3 | पाष्टर प्रेम श्रेष्ठ | डीकन पासाङ्ग तामाङ्ग | डीकन पेशल राई | एल्डर गोपी राई | एल्डर जमान घ्लान | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जोरविर राई | संयुक्त सेवा गोंगबूँ चर्च |

## जानकारी

पौष २० गते/जनवरी ६ तारिख शनिबार नेइम गोंगबूँ चर्चमा ८ जना बाल बालिकाहरूको बाल अर्पण भयो ।

माघ १४ गते/जनवरी २८ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको आउटरीच संगति नर्जापौवा नुवाकोटको मण्डली भवनको अर्पण भयो ।



पिंगलास्थान बस्नुहुने ज्ञानेश्वर चर्चकी सदस्य श्रीमती पार्वती नगरकोटी ७१ वर्षको उमेरमा पौष २४ गते/जनवरी ८ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



कपन बस्नुहुने, नेइम ज्ञानेश्वर चर्चकी सदस्य श्रीमती बढी माया राई ४९ वर्षको उमेरमा पौष २७ गते/जनवरी ११ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



पुरानो वानेश्वर बस्नुहुने, नेइम ज्ञानेश्वर चर्चकी सदस्य श्रीमती कृष्ण कुमारी राई ८३ वर्षको उमेरमा पौष २९ गते/जनवरी १३ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

## विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि नै समयमै आउनुहुन अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि सेवा अगाडि नै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३. आराधना सेवाको समयमा मण्डली भवनभित्र बालबालिकाहरूलाई खानेकुरा खुवाउने नगरिदिनुहुन अनुरोध गर्दछौं साथै मण्डली हाताभित्र पनि फोहोर मैला नगरिदिनुहुन अनुरोध गर्दछौं ।

## हार्दिक बधाई



माघ ४ गते/जनवरी १८ तारिख बिहीबार नेइम ज्ञानेश्वर चर्चकी सदस्य सुश्री **सविता सुनुवार** र ट्रिनीटी नेपाली चर्च, यू.एस.ए.को सदस्य श्री **डिल्ली राम क्षेत्री**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **डिल्ली राम** र **सविता क्षेत्री**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## फरवरी महिनाको कार्यक्रम

माघ २१ गते/फरवरी ४ तारिख आइतबार **नेइम कार्यकारिणीको बैठक** नेइम ललितपुर चर्चमा ।

फागुन १ गते/फरवरी १३ तारिख मंगलबार बिहान १०:०० **उपवास प्रार्थना** आ-आफ्नो चर्चमा ।

फागुन १ गते/फरवरी १३ तारिख मंगलबार बिहान १०:०० **नेइम संयुक्त पुरुष रीट्रिट** धापासीमा ।

फागुन १७ गते/मार्च १ तारिख बिहीबार **युवा रीट्रिट** आ-आफ्नो चर्चमा ।

## विशेष् प्रार्थना

१. अन्धकारका शक्तिका अधार्मिक कामहरू भ्रष्टाचार, लागु पदार्थ दुर्व्यशन, देह व्यापार, अपहरण, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूका विरुद्धमा प्रार्थना गरौं ।

२. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

३. सेवा संगति, प्रार्थना, वचन पढाइ, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर नगएका हुन् ।

४.संसारभर रेडियो, टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

७. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै साथै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २१ 4<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | २८ 11<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह ७८:७०-७२ | ६ 18<br>परमप्रभु परमेश्वरले राखिदिनु-भएका आशिषहरू उपभोग गर्दै आशिष् बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>एफिसी १:३, यहोशू १:३-५ | १३ 25<br>नेइम परिषद्का गुरुजनहरू पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोर्‍याउन सकून् ।<br>एफिसी ४:१-४ |
| **सोमबार**<br>Monday | २२ 5<br>हामी सबैले परमेश्वरको प्रेमप्रति धन्यवादी भई परमेश्वरको भण्डारमा दशांश साथै अन्य भेटीहरू परमेश्वरको कामको लागि खुशीसाथ दिन सकौं ।<br>हितोपदेश ३:९-१० | २९ 12<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ७ 19<br>मण्डलीका सबै समर्पित सदस्यहरू मण्डलीको सेवा संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि र अरूलाई पनि प्रभुमा बढ्दै बढाउँदै जान सकौं ।<br>१ कोरिन्थी १४:२६, हिब्रू १०:२४-२५ | १४ 26<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>१ पत्रुस १:१५-१६ |
| **मंगलबार**<br>Tuesday | २३ 6<br>विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीले प्रार्थनाको महत्व बुझी प्रार्थना सभामा आउन सकून् ।<br>व्यवस्था ४:७, यशैया ६५:२४ | १ फागुन 13<br>आज धापासीमा हुने नेइम संयुक्त पुरुष रीट्रिटको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १२८:१-६ | ८ 20<br>नेइमअन्तर्गतका मण्डली तथा छोरी मण्डलीहरू साथै शाखा/आवद्ध मण्डलीहरू र संगतिहरूको लागि आवश्यक जग्गा र भवनको साथै सेवक/सेविकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>हाग्गै २:१-९ | १५ 27<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>२ तिमोथी ३:१०-१७ |
| **बुधबार**<br>Wednesday | २४ 7<br>मण्डलीअन्तर्गतका सबै घरेलु संगतिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>प्रेरित २:४२-४७ | २ 14<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | ९ 21<br>येशू प्रभुको नाउँको खातिर दुःख, कष्ट, खेदो निन्दा, सतावटमा पर्नुभएकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>फिलिप्पी १:२६-२९ | १६ 28<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोर्‍याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| **बिहीबार**<br>Thursday | २५ 8<br>परमेश्वरले दिनुभएका सबै बालबालिकाहरू साथै जवान छोरा छोरीहरूको लागि धन्यवाद चढाउँदै उनीहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२७:३-५ | ३ 15<br>हामी सबै एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १२:९-२१ | १० 22<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १७ March 1<br>आज हुने युवा रीट्रिटको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ११९:११-१८ |
| **शुक्रबार**<br>Friday | २६ 9<br>हामी विश्वासीहरू वचनमा आधारित जीवन जिउनेहरू हुन सकौं ।<br>लूका ६:४६-४९ | ४ 16<br>आराधना सेवामा वचनको सेवकाइ गर्नुहुने साथै सो दिन विभिन्न क्षेत्रमा सेवकाइ गर्नुहुने सम्पूर्ण सेवक सेविकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:१०-११ | ११ 23<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | १८ 2<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>कलस्सी ३:१६-१७ |
| **शनिबार**<br>Saturday | २७ 10<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ५ 17<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बनिँदै जान सकून् ।<br>कलस्सी २:६-७ | १२ 24<br>बाल संगतिका सबै शिक्षक/शिक्षिकाहरू साथै बाल संगतिमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>कलस्सी ३:२३-२४ | १९ 3<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>मत्ती ८:१४-१७ |

**साँच्चै म तिमीहरूलाई भन्दछु, यी सबै कुरा भई नसकुञ्जेल यो पुस्ता बितिजानेछैन । स्वर्ग र पृथ्वी बितिजानेछ, तर मेरा वचन कहिल्यै बित्नेछैनन् । तर त्यस दिन र त्यस घडीको विषयमा पिताले बाहेक अरू कसैले जान्दैन, नता स्वर्गमा हुने स्वर्गदूतहरूले न पुत्रले । होशियार रहो, जागा बस र प्रार्थना गर, किनकि त्यो बेला कहिले आउने हो तिमीहरू जान्दैनौ ।**

**(मर्कूस १३:३०-३३)**